# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र २२ गते २०१० साल

## भाग १

### प्रधानमन्त्रालय राज्यव्यवस्थाको सूचना

पूर्व पश्चिम गौंडा गढी गोस्वारा चौकीसमेतको अघिको शासनमा तोकिएका दर्जासम्मको गौंडा गढी गोस्वाराबाटै पजनी गरी अरू दर्जाको हकमा पजनी कागज जाहेर गर्ने गरी रहेको हाल कुनै गौंडा गढी गोस्वाराले सोबमोजिम गरी जाहेर गरेको र कुनै गौंडा गढी गोस्वाराले केही नपठाएको, साबिकबमोजिम पजनी-प्रथा कायम गर्ने अथवा नगर्नेसमेत निकाशा भएबमोजिम गर्ने गरी जुम्ला गौंडाबाट जाहेर गरेको पजनी कागजसमेत साथ राखी श्री कम्याण्डर इनचीफबाट लेखी पठाउनुभएको ०७ सालदेखि पजनी भै नआएको समेत बेहोरा पेश हुँदा निम्नलिखित—अनुसार गर्ने निर्णय भै आएकोले सोबमोजिम गर्ने गराउने गर्नुहोला ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

(१) यस किसिमको पजनीप्रथा रहनेछैन।

(२) ६० वर्ष उमेरको हद पुगेमा रिटायर हुने नियम पहिलेदेखिनै कार्यान्वित भैसकेको छ।

(३) विभिन्न अड्डाहरुका कामदार कारिन्दाहरुका वार्षिक रिपोर्ट साबिक बमोजिम पठाइरहनैपर्दछ। नियमबमोजिम भ्रष्टाचार र अयोग्यताबाट मानिसहरु झिकिनेछन्।

(४) सबै नयाँ नियुक्तिहरु सरकारद्वारा स्वीकृति भएका सवाल सनदमुताबिक मात्र गर्नु गराउनुपर्छ।

आज्ञाले—
अच्युतराज,
सेक्रेटरी,—प्र म राज्यव्यवस्था.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि